राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 2 No. 156 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bhadra 2080 (Aug-September 2023)

# "नेपाल टेलिकमको सेवा सुधारका लागि निरन्तर छलफल र अन्तरक्रिया"



सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाल टेलिकमको सेवा सुधारका लागि आफू लागि परेको बताउनु भएको छ। गत भदौ ३ गते प्युठानको माण्डवी गाउँपालिका-३ जसपुरमा नेपाल टेलिकमको एफटीटीएच सेवा उदघाटन गर्दै उहाँले आफू मन्त्री भएयता त्यसका लागि निरन्तर छलफल र अन्तरक्रिया गरिरहेको बताउनु भयो।

गाउँ सहर सबैतिर सेवा विस्तारमा ध्यान दिन टेलिकमका अधिकारीहरूलाई आग्रह गर्दै मन्त्री शर्माले जतिसक्दो धेरै उपभोक्तालाई प्रविधिसँग जोड्नुपर्ने बताउनु भयो। 'यो वर्षदेखि टेलिकमले उपभोक्ताको गुनासो सुनुवाइलाई प्राथमिकतामा राख्ने नीति लिएको छ,' उहाँले भन्नुभयो, 'सेवा प्रवाहमा समस्या आउँदा तत्काल गुनासोको सुनुवाइ गर्दा सेवाग्राहीले सेवा प्राप्त गरेको महसुस गर्नेछन्।'

कार्यक्रममा माण्डवी गाउँपालिका अध्यक्ष नमराज अधिकारीले सञ्चार सेवा जनताको अधिकार भएको बताउँदै टेलिकमको सेवा नपुगेका स्थानहरूमा सेवा पुऱ्याउन र सेवालाई प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

त्यसैगरी प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेशद्वारा आयोजित नेपाल टेलिकमको सेवा सम्बन्धी जानकारी एवं अन्तरक्रिया कार्यक्रममा मन्त्री शर्माले नेपाल टेलिकमले राजमार्ग क्षेत्रमा कभरेज विस्तार र गुणस्तर सुधार गर्ने कार्यलाई प्राथमिकता दिने नीति अनुसार विभिन्न कार्यहरु गर्ने बताउँदै त्यसै अनुसार विभिन्न निर्देशन दिइएको बताउनु भयो।

प्रादेशिक निर्देशनालय भैरहवाको कार्य क्षेत्र र विशेष गरी प्युठान जिल्लामा दूरसञ्चार सेवाहरुको वर्तमान अवस्था (वायरलाइन, मोबाइल सेवा र डाटा नेटवर्क) को बारेमा प्रवन्धक रबिन्द्र मानन्धरले प्रस्तुतिकरण गर्नु भएको थियो। (बाँकी २ पेजमा)

## उच्चस्तरीय तालिम व्यवस्थापन समितिको वार्षिक समीक्षा बैठक सम्पन्न



नेपाल टेलिकमका प्रबन्ध निर्देशक सुनिल पौडेलले कम्पनी सेवा विस्तारमा आक्रामक रुपले लागिरहेको बताउँदै सोही अनुरुपका दक्ष जनशक्ति तयार पार्नका लागि कार्ययोजना बनाएर खट्न दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रलाई निर्देशन दिनुभएको छ। उच्चस्तरीय तालिम व्यवस्थापन समितिको गत साउन २७ गते सम्पन्न बैठकमा उहाँले सो निर्देशन दिनुभएको हो। उक्त

(बाँकी २ पेजमा)

## Nepal Telecom Miss ICT शिताष्मा



उमङ्ग क्रिएसनले आयोजना गरेको मिस युनिभर्स नेपाल २०२३ मार्फत शिताष्मा पोखरेल नेपाल टेलिकम मिस आईसीटी (Nepal Telecom Miss ICT) विजेता बन्नु भएको छ। नेपाल टेलिकमले प्रायोजन गरेको सो सब-टाइटलमा पोखरेल विजेता बन्नुभएको हो।

नेपाल टेलिकमका प्रबन्धक हरि ढकाल, उप-प्रबन्धक परमात्मा भट्टराई र बरिष्ठ इन्जिनियर सुमन के.सी. ले टप २२ प्रतियोगीहरुलाई लिनुभएको अन्तर्वार्ताको आधारमा मिस आईसीटी छनोट गरिएको थियो। प्रतियोगीहरुलाई नेपाल टेलिकम र सूचना प्रविधिको प्रयोग वारेमा विभिन्न प्रश्नहरु सोधिएको थियो।

(बाँकी २ पेजमा)

## "नेपाल टेलिकमको सेवा .....

(१ पेजको बाँकी)

प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेशका निर्देशक शैलेश बहादुर अमात्यको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा प्रमुख प्राविधिक अधिकृतको कार्यालयका प्रबन्धक शिवराज खनालले सो क्षेत्रमा उपलब्ध कम्पनीको सेवा र आगामी दिनमा गरिने सेवा विस्तार तथा गुणस्तर सुधार बारेमा जानकारी दिनुभएको थियो ।

उक्त प्रस्तुतिकरणमा स्थानीय निकायका प्रमुख/उप-प्रमुख तथा पत्रकारहरुले उठाउनु भएका प्रश्न तथा जिज्ञासाहरुको वायरलेस सेवा निर्देशनालय निर्देशक मिनु प्रधानका साथै प्रबन्धक शिवराज खनाल र प्रबन्धक कृष्णप्रसाद भण्डारीले जवाफ दिनुभएको थियो ।

प्युठान जिल्लाको प्युठान नगरपालिका वडा नं. ४ जुम्रीमा सम्पन्न सो कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी, व्याकबोन प्रसारण निर्देशनालयका निर्देशक बिनिता श्रेष्ठ र प्युठान जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसदहरु, प्युठान जिल्लाका स्थानीय तहका प्रमुख/उपप्रमुखहरु, जिल्ला स्थित सुरक्षा निकाय र सरकारी कार्यालयका कार्यालय प्रमुखहरु तथा नेपाल टेलिकमका अन्य कर्मचारीहरु समेतको सहभागिता रहेको थियो ।

## Nepal Telecom Miss ...

(१ पेजको बाँकी)

गत भाद्र २३ गते सम्पन्न मिस युनिभर्स नेपाल २०२३ को ग्रान्ड फिनालेको अवसरमा कम्पनीको तर्फबाट प्रबन्धक हरि ढकालले विजेता पोखरेललाई पुरस्कार हस्तान्तरण गर्नुभयो । नेपाल टेलिकम मिस आईसीटी शिताष्मा पोखरेल आगामी एक वर्ष सम्म कम्पनीका विभिन्न प्रवर्द्धनात्मक क्रियाकलापमा संलग्न हुनुहुनेछ ।

सो प्रतियोगितामा जैन दीपिका ग्यारेट मिस युनिभर्स नेपाल २०२३ विजेता बन्नु भएको छ । त्यस्तै फर्स्ट रनर्सअप गरिमा घिमिरे, सेकेन्ड रनर्सअप बुद्धिसारा सुनार, थर्ड रनर्सअप शिताष्मा पोखरेल र फोर्थ रनर्सअप अभिलासा लम्साल हुनुभयो ।

ग्रान्ड फिनालेमा नेपाल टेलिकमका प्रमुख व्यावसायिक अधिकृत संगीता पहाडी समेत निर्णायक रहनुभएको थियो ।

## उच्चस्तरीय तालिम व्यवस्थापन .....

(१ पेजको बाँकी)

बैठकमा उहाँले कम्पनीका निर्धारित लक्ष्यहरु पूरा गर्न व्यवस्थापन र कर्मचारी मिलेर अघि बढ्नु पर्ने बताउँदै कर्मचारीमा ज्ञान, सीप, क्षमता र दक्षतामा अभिवृद्धि गरी धारणात्मक र व्यावहारिक एवम् निरन्तर उत्प्रेरणा प्रदान गर्न तालिम केन्द्रको भूमिका महत्वपूर्ण हुने धारणा राख्नु भयो । सो कार्यक्रममा उहाँले नीति, नियम र कार्यविधि सम्बन्धी तालिमका साथै कम्पनीसँग सम्बन्धित विविध विषयमा अनुसन्धानमूलक कार्य गर्न आग्रह गर्नु भयो ।

उक्त बैठकले नियमित तालिमलाई थप प्रभावकारी र उत्पादनमूलक बनाउने निर्णय गर्नुका साथै उपत्यकाबाट तालिममा सहभागी हुने कर्मचारीलाई प्रोत्साहन प्रदान गर्न पहल गर्ने निर्णय गरेको छ । प्रशिक्षण र सिकाईको वातावरण थप अनुकूल हुनेगरी तालिम केन्द्रलाई स्थानान्तरण गर्नका लागि प्रक्रिया अघि बढाइनुका साथै स्थानीय स्तरका तालिमहरु क्षेत्रगत रुपमा नै प्रदान गर्ने र सेवाकालीन तालिमको व्यवस्था मिलाउने सम्बन्धमा छलफल भएको थियो ।

सो अवसरमा कम्पनीका सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) शंकर लामिछानेले वार्षिक रुपमा तालिमको मूल्यांकन गरी सबैभन्दा उत्कृष्ट प्रशिक्षक र प्रशिक्षार्थी तोकी प्रोत्साहित गर्नु पर्ने र क्षेत्रगत रुपमा तालिम आयोजना गर्नुपर्ने बताउनु भयो । साथै, उहाँले कर्मचारीको ज्ञान, सीप र क्षमताको मापन गर्न समेत आग्रह गर्नु भयो ।

कार्यक्रममा दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रका प्रमुख राजेश जोशीले विभाग, निर्देशनालय तथा कार्यालयहरुसँगको समन्वयमा आवश्यक ठहरिएका विषयमा नयाँ प्रविधिका साथै क्षमता विकासका तालिमहरु सञ्चालन गरिएको र सोही अनुसार आगामी दिनमा समेत विभिन्न प्रकारका तालिम प्रदान गरिने जनाउनु भयो ।

बैठकमा उपस्थित नायब प्रबन्ध निर्देशक, निर्देशक तथा प्रबन्धकहरुले प्रशिक्षार्थीहरुले तालिममा सिकेका ज्ञानलाई कार्यक्षेत्रमा गरेको प्रयोग र यसबाट कार्यशैलीमा आएको परिवर्तन बारेमा समेत अध्ययन गर्नुपर्ने बताउनु भएको थियो ।

सो अवसरमा कम्पनीमा क्रियाशील युनियनका अध्यक्ष र प्रतिनिधिहरुले तालिम केन्द्रका गतिविधिका बारेमा आफ्नो धारणा राख्दै तालिमलाई अझै प्रभावकारी बनाउन विभिन्न प्रकारका सुझाव दिनुभएको थियो ।

सो अवसरमा गत आर्थिक वर्षका तालिम कार्यक्रम र समग्र तालिम केन्द्रका गतिविधिका सम्बन्धमा समीक्षा गरिनुका साथै चालु आर्थिक वर्षका कार्यक्रमका बारेमा वृहत छलफल भएको थियो । कम्पनीका उच्च अधिकारीहरुको सहभागिता रहेको सो बैठकमा तालिम पश्चात कार्यक्षेत्रमा गरिएको कार्यान्वयन र मूल्यांकन प्रभावकारी बनाउनु पर्ने अधिकांशको धारणा रहेको थियो ।

चालु आर्थिक वर्षमा केन्द्रले ८२ शीर्षकमा तालिम सञ्चालन गरी १ हजार ५८१ जना र ४० वर्कसप सञ्चालन गरी ९ सय ८५ जना कर्मचारीलाई प्रशिक्षित गर्ने लक्ष्य राखेको छ । केन्द्रले गत आर्थिक वर्षमा जम्मा ९५ शीर्षकमा तालिम र २९ वर्कसप सम्पन्न गरेको थियो । यसबाट २ हजार ४७२ कर्मचारीलाई प्रशिक्षित गरिएको थियो । कार्यक्रममा विभिन्न विधामा तालिम व्यवस्थापन गर्ने संयोजकहरुले प्रगति र भावी योजना प्रस्तुत गर्नुभएको थियो ।

# फक्ताङलुङको माथिल्लो क्षेत्रमा सञ्चारको पहुँच

दुर्गम क्षेत्रमा मोबाइल र फोरजीमार्फत इन्टरनेट सञ्चालन भएसँगै ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका क्षेत्रमा सञ्चार पहुँच पुगेको छ । फक्ताङलुङ -६ लोवाडाँडामा नेपाल टेलिकमको फोरजी टावरमार्फत सेवा सञ्चालन भएपछि फक्तालुङको माथिल्लो क्षेत्रमा सञ्चारको क्षेत्रमा अर्को उपलब्धी भएको हो ।

लेलेपको साँगु, बतासे, मादिबुङ, फेम्बु, लेलेप, लुङथुङ, सेकाथुम लावाजिन, किसोङ्मा, अम्जीलेसा र तापेथोकको हेल्लोक, यासाङ, सोत्लिमा, तापेथोक र इखाबुको केही क्षेत्रमा सेवा पुगेको छ । यस सेवामार्फत फक्ताङलुङ गाउँपालिकाका करिब तीन हजार जनसंख्या प्रत्यक्षरूपमा लाभान्वित भएका फक्ताङलुङ गाउँपालिका उपाध्यक्ष रविन साम्रा लिम्बु बताउनु हुन्छ ।

यसबाट स्थानीय समुदाय मात्रै नभएर कञ्चनजङ्घा क्षेत्रमा आउने हजारौं पर्यटकलाई पनि सेवा पुग्ने र विभिन्न सरकारी तथा गैरसरकारी निकायले दिने सेवामा पनि इन्टरनेट उपयोग गरी सहजता हुने विश्वास गरिएको छ ।

भौगोलिक हिसाबले नेपालकै तेस्रो ठूलो गाउँपालिकाका रूपमा रहेको फक्ताङलुङ भौगोलिक रूपमा दुर्गम छ । मानवबस्ती र जनसंख्याको पहुँचका कारण सञ्चार क्षेत्र विस्तार गर्दा खासै फाइदा नहुने भएकाले विगतदेखि नै सञ्चार क्षेत्रका लगानीकर्ता यस क्षेत्रमा मोबाइल नेटवर्क विस्तार गर्न आनाकानी गर्दै आएका थिए । विसं २०७४ मा फक्ताङलुङको लेलेपस्थित मुरिङ्लाडाँडामा नेपाल टेलिकमको टुजी सेवा विस्तार भएपछि मात्र यस क्षेत्रमा मोबाइल सेवा विस्तार भएको थियो ।

फक्ताङलुङको तल्लो भेग वडा नं १, २, ३, ४ का सावादिन, खेजेनिम, लिङ्खिम र इखाबुका अधिकांश भेगमा विगतदेखि नै टेलिकमको फोरजीसहितको सेवा विस्तार भइसकेका छन् । बाँकी वडा नं ५, ६ र ७ का क्रमशः तापेथोक, लेलेप र ओलाङ्चुङगोला क्षेत्र सञ्चारबाट पछाडि पर्दै आएको थियो । फक्ताङलुङ-६ को घुन्सामा र ओलाङ्चुङगोला बस्ती आसपासलाई लक्षित गरी नेपाल टेलिकमको टुजी सेवा विस्तार भएको थियो ।

सामग्री ढुवानीदेखि लिएर यसको जडानका लागि सम्बन्धित निकायमा पहलकदमी गरेर मात्रै यो सम्भव भएको फक्ताङलुङ गाउँपालिकाका अध्यक्ष राजन लिम्बुले बताउनु भयो । अध्यक्ष लिम्बुका अनुसार अब सोही पालिकाको वडा नं ७ हिलेखर्कमा ओलाङ्चुङगोलाको लागि फोरजी टावर राख्नका लागि सर्भेको काम सकिएको छ भने घुन्सातर्फ पनि टावर राख्नका लागि पहिलो चरणको सर्भे सकिएको छ । सो स्थानबाट पनि अबको एक वर्षमा फोरजी सेवा सञ्चालनमा ल्याइने बताइएको छ ।

# C-Phone प्रयोगकर्ताहरूलाई आकर्षक प्याकेज

नेपाल टेलिकमले सीडीएमए फिक्स्ड फोन (CDMA FixedService अर्थात C-Phone)प्रयोगकर्ताहरुलाई फोरजी/एलटीई नेटवर्कमा स्थानान्तरण गर्नका लागि आकर्षक प्याकेज उपलब्ध गराएको छ। सो प्याकेज गत २०८० भाद्र १ देखि लागु भएको छ।

सीडीएमए फिक्स्ड फोन प्रयोग गरिरहेका ग्राहकहरुले नेपाल टेलिकमको नमस्ते वाईफाई प्रयोग गर्न सक्नु हुनेछ। ती ग्राहकका लागि अनलिमिटेड बेसिक र अनलिमिटेड प्रिमियम मध्ये एक प्याकेज प्रयोग गर्न सकिने सुविधाका साथै अन्य थप सुविधा समेत उपलब्ध भइरहेको छ।

सो सेवा प्रयोग गर्ने ग्राहकलाई अनलिमिटेड बेसिक अन्तर्गत दैनिक रुपमा ५ एमबीपीएस गति सम्मको १० जीबी डाटा उपलब्ध हुनेछ। सो प्याकेजका लागि नयाँ जडान शुल्क अर्धवार्षिक अवधिका लागि रु. ५,९९९ र वार्षिक अवधिका लागि रु. १०,४९९ हुनेछ। त्यसैगरी यसको महसुल अर्धवार्षिक अवधिका लागि रु. ४,९९९ र वार्षिक अवधिका लागि रु. ९,४९९ हुनेछ।

त्यसैगरी अनलिमिटेड प्रिमियम अन्तर्गत दैनिक रुपमा १० एमबीपीएस गति सम्मको १५ जीबी डाटा उपलब्ध हुनेछ। सो प्याकेजका लागि नयाँ जडान शुल्क अर्धवार्षिक अवधिका लागि रु. ८,९९९ र वार्षिक अवधिका लागि रु. १६,४९९ हुनेछ। त्यसैगरी यसको महसुल अर्धवार्षिक अवधिका लागि रु. ७,९९९ र वार्षिक अवधिका लागि रु. १५,४९९ हुनेछ।


यी सबै प्याकेज लिने ग्राहकलाई थप रकम नलिई आवश्यक फोरजी/एलटीई सीपीई (CPE–Customer Premises Equipment) समेत उपलब्ध गराइने छ।

नयाँ जडान अन्तर्गत यसरी अर्धवार्षिक अवधिको प्याकेज लिने ग्राहकलाई प्रतिमहिना ४०० मिनेट कम्पनीको नेटवर्क भित्र (अन-नेट) र १०० मिनेट अन्य नेटवर्कमा (अफ-नेट) तथा वार्षिक प्याकेज लिने ग्राहकलाई प्रतिमहिना कम्पनीको नेटवर्क भित्र अनलिमिटेड र अन्य नेटवर्कमा १०० मिनेट कल गर्ने सुविधा उपलब्ध हुनेछ।

यसरी उपलब्ध हुने १० जीबी वा १५ जीबी डाटा सकिएको अवस्थामा उच्च गतिको डाटा चलाउन चाहनेहरुका लागि रु. ५० मा २४ घण्टा समयावधि सम्म चलाउन मिल्ने १० जीबी डाटा एड अन प्याकको रुपमा उपलब्ध हुनेछ।

नेपाल टेलिकमले पहिले देखि नै सीडीएमए प्रिपेड वा पोस्टपेड प्रयोगकर्तालाई जीएसएम प्रिपेड वा पोस्टपेडमा रुपान्तर हुँदा 'सीडीएमए माइग्रेसन प्याकेज' उपलब्ध गराइरहेको छ। यदि सीडीएमए फिक्स्ड फोन प्रयोगकर्ताहरुले माथिको प्याकेज लिन नचाहेमा सोही अनुसारको सीडीएमए माइग्रेसन प्याकेज लिन सकिने छ। यस अन्तर्गत प्रिपेड ग्राहकलाई मासिक रुपमा ३०० मिनेट अन-नेट भ्वाइस कल गर्न, ४ जीबी डाटा चलाउन र ३०० अन-नेट एसएमएस पठाउने सुविधा ६ महिना सम्म उपलब्ध हुनेछ।

त्यसैगरी पोस्टपेड ग्राहकलाई मासिक रुपमा ४०० मिनेट अन-नेट भ्वाइस कल गर्न, ५० मिनेट अफ-नेट भ्वाइस कल गर्न, ६ जीबी डाटा चलाउन र २०० अन-नेट एसएमएस पठाउने सुविधा ६ महिना सम्म उपलब्ध हुनेछ।




प्रविधिको विकाससँगै नयाँ प्रविधिले पुरानो प्रविधिलाई प्रतिस्थापन गर्ने विश्वव्यापी लहरलाई पछ्याउँदै कम्पनी पनि पुरानो प्रविधिलाई नयाँ प्रविधिले प्रतिस्थापन गर्दै भरपर्दो तथा उच्च गुणस्तरीय सेवा उपलब्ध गराउन कटिबद्ध रहेको छ। यस अनुसार नेपाल टेलिकमले गत २०८० असार मसान्त देखि लागु हुने गरी कम्पनीद्वारा सञ्चालित सीडीएमए सेवा बन्द गरेको छ।

दूरसञ्चारको क्षेत्रमा भएका वाइम्याक्स, सीडीएमए लगायत वायरलेस सेवाका विभिन्न प्रविधिहरु सबै जीएसएम अन्तर्गतको एलटीई प्रविधिमा एकीकृत हुँदै आएका छन्। यस कारण विश्वव्यापी रुपमै सीडीएमए सेवाका प्रयोगकर्ताहरु घट्दै गएका र यो क्रम नेपालको दूरसञ्चार बजारमा समेत देखिएको छ।

प्रविधिको विकासक्रम अनुसार विश्वव्यापी रुपमा फोरजी/एलटीईको प्रयोग बढ्दै गएको र सीडीएमए प्रविधिको थप अनुसन्धान र विकास नभई उपकरण उत्पादनमा समेत कमी आइरहेको अवस्था छ। नेपाल टेलिकमले प्रदान गरेको सीडीएमए सेवाका ग्राहकहरु समेत फोरजी/एलटीईमा आकर्षित हुँदै गएका र कम्पनीले पनि त्यसै अनुसार कभरेज र सेवा समेत विस्तार गरिरहेको छ। पछिल्लो समयमा कम्पनीले सीडीएमए सेवालाई बन्द गर्ने र ती ग्राहकलाई जीएसएममा रुपान्तरण हुँदा आकर्षक प्याकेज उपलब्ध गराउने व्यवस्था गर्दै आएको छ।

# गोसाईकुण्डमा भिस्याट प्रविधिबाट मोबाइल सेवा



रसुवाको गोसाईकुण्डमा मोबाइल सेवा सञ्चालन भएको छ। गोसाईकुण्डमा पुग्ने भक्तजन र पर्यटकका लागि केन्द्रित गरी नेपाल टेलिकमले भिस्याट प्रविधिबाट गत भदौ १० देखि मोबाइल सेवा सञ्चालनमा ल्याएको हो। पहिले यो स्थानमा दुई थान टेलिफोन सेवा उपलब्ध भए पनि पछिल्लो समयमा सञ्चालनमा थिएन। अब यो क्षेत्रमा टुजी मोबाइल सेवा चलाउन सकिने भएको छ।

समुद्र सतहदेखि १४ हजार एक सय फिटको उचाइमा उपकरण पुऱ्याउन असहज भइराखेको अवस्थामा गोसाईकुण्ड मेलालाई केन्द्रित गरी प्रतिनिधि सभा सदस्य इन्जिनियर मोहन आचार्यको सहयोगमा एक टनभन्दा बढी परिमाणका उपकरण ढुवानी गरिएको थियो। रसुवाको सदरमुकाम धुन्चेदेखि करिव दुई दिन लगाएर सामान ढुवानी गरिएको थियो।

नेपाल टेलिकमले गोसाईकुण्ड र सूर्यकुण्डलाई लक्षित गरी एउटा र भैरवकुण्ड तथा राजमार्ग क्षेत्रलाई लक्षित गरी अर्को एन्टेना जडान गरेको छ। यसबाट अबका दिनमा तीर्थ जाँदा बिरामी परे हेलिकप्टर वा अन्य स्थानबाट मानवीय सहयोग माग्न सहज भएको छ।

उपकरण सञ्चालनका लागि ६ प्यानलको सोलार प्रयोग गरिएको छ। मेलालाई लक्षित गरी यो सेवा सञ्चालनमा ल्याइएको हो। आगामी दिनमा यो क्षेत्रमा माइक्रोवेभ लिंकमार्फत अझ प्रभावकारी सेवा उपलब्ध गराउने कम्पनीको योजना छ।

# XGPON प्रविधिमा आधारित उच्च गतिको इन्टरनेट सेवा

नेपाल टेलिकमले १ जीबीपीएस (१००० एमबीपीएस) सम्म उच्च गति भएको एफटीटीएच इन्टरनेट सेवा प्रारम्भ गरेको छ। यस अघि कम्पनीले १०० एमबीपीएस सम्म उच्च गति भएको एफटीटीएच सेवा उपलब्ध गराइरहेकोमा अब एकै पटक यति धेरै क्षमता भएको इन्टरनेट सेवा उपलब्ध गराएको हो।

हाल कम्पनीले जीपोन (GPON) प्रविधिमार्फत उपलब्ध गराइरहेको एनटी फाइबर इन्टरनेट मध्ये सर्वभन्दा उच्च गति १०० एमबीपीएस रहेकोमा अब एक्सजीपोन (XGPON) प्रविधिमा आधारित उच्च गतिको इन्टरनेट सेवा उपलब्ध हुने भएको हो। सो सेवा ५०० एमबीपीएस र १ जीबीपीएस गरी दुई वटा प्याकेजमा उलपब्ध हुनेछ। यसको डाउनस्ट्रिम क्षमता १० जीबीपीएस र अपस्ट्रिम क्षमता २.५ जीबीपीएस हुनेछ।

प्रिमियम एफटीटीएच ५०० एमबीपीएस अन्तर्गत नेपाल टेलिकमको नेटवर्कभित्र अनलिमिटेड कल गर्न सकिनेछ भने अन्य नेटवर्कमा प्रतिमहिना ३५० मिनेट कल गर्न सकिनेछ। यो प्याकमा ०.५ टीबी डाटा प्रतिदिन प्रयोग गर्न सकिने छ।

प्रिमियम एफटीटीएच १ जीबीपीएस अन्तर्गत नेपाल टेलिकमको नेटवर्कभित्र अनलिमिटेड कल गर्न सकिनेछ भने अन्य नेटवर्कमा प्रतिमहिना ५ सय मिनेट कल गर्न सकिनेछ। यो प्याकमा १ टीबी डाटाप्रतिदिन प्रयोग गर्न सकिनेछ।

दुवै प्याकेजमा एउटा आईपीटीभी, सीपीई र सेटटप बक्स तथा ३०० मिटर ड्रप फाइबर निःशुल्क उपलब्ध हुनेछ।

५०० एमबीपीएसको 'प्रिमियम एफटीटीएच ५०० एमबीपीएस' प्याकेज वार्षिक ८० हजार रुपैयाँ र १ जीबीपीएसको 'प्रिमियम एफटीटीएच १ जीबीपीएस' प्याकेज वार्षिक १ लाख १० हजार रुपैयाँमा उपलब्ध हुनेछ।

यो सेवा वा अन्य एफटीटीएच सेवा प्राप्त गर्न चाहनुहुने मुलुकभरका सेवाग्राहीहरुले १९८-१ (१९८ मा डायल गरी प्राप्त सन्देशपश्चात फेरि १ डायल गरी) मा डायल गरेर आफूलाई आवश्यक पर्ने सेवा जडान तथा मर्मतका लागि दर्ता गर्न सकिने व्यवस्था छ।

हालका लागि काठमाडौं उपत्यकामा यो सेवा उपलब्ध गराइएको छ। व्यावसायिक संस्थाहरु यो सेवा प्रयोगबाट लाभान्वित हुने नेपाल टेलिकमले अपेक्षा गरेको छ।

# संस्थागत जानकारी प्रदान गर्न उपयोगी Corporate CRBT सेवा

नेपाल टेलिकमले संस्थागत ग्राहकलाई कर्पोरेट सीआरबीटी (Corporate CRBT- Corporate Caller Ring Back Tone) सेवा उपलब्ध गराइरहेको छ। यो सेवामार्फत कुनै पनि कर्पोरेट ग्राहकले आफ्नो संस्थाको वारेमा आवश्यक जानकारीमूलक सामग्रीलाई रिङब्याक टोनको रुपमा प्रयोग गर्न सक्छन्।

यो सेवा कम्तिमा ६ महिनाको लागि लिनुपर्ने हुन्छ। संस्थागत ग्राहकले यो सेवा सञ्चालन गर्नका लागि शुरुमा एक पटक (One–Time Activation) शुल्क बुझाउनु पर्छ। सो सेवा बीचमा हटाई पुनः लिन चाहेमा Re-Connection बापत फेरी Activation शुल्क बराबरकै शुल्क लाग्नेछ। यो Activation शुल्क सम्बन्धित संस्थाले नै व्यहोर्नु पर्नेछ।

कुनै पनि संस्थामा कार्यरत कर्मचारीको मोबाइलमा रिङब्याक टोन बजाउन सकिने भएकाले कर्मचारीको मोबाइल नम्बर संख्याको आधारमा Activation शुल्क बुझाउन सकिन्छ। कमसेकम २५ देखि १०० जना सम्म संख्या भएमा ५ हजार र त्यही अनुसार शुल्क तोकिएको छ।

| **कर्मचारी संख्या** | **Activation शुल्क (कर बाहेक)** | **कैफियत** |
|---|---|---|
| Minimum 25 to 100 | Rs. 5,000 | |
| <300 | Rs. 8,000 | |
| <500 | Rs. 10,000 | |
| Above 500 | Rs. 15,000 | |

यो सेवा लिन मासिक subscription शुल्क रु. २५ (कर बाहेक) र संस्थाले अनुरोध गरेको टोन वापत मासिक शुल्क रु. १५ (कर बाहेक) बुझाउनु पर्ने हुन्छ। संस्थाले subscription र Tone बापतको मासिक शुल्क एकमुष्ट बुझाउनु पर्ने हुन्छ। यदि संस्थाले मासिक शुल्क नव्यहोरेको खण्डमा संस्थाका कर्मचारी स्वयंले subscription र Tone बापतको शुल्क कर्मचारीको मोबाइल ब्यालेन्सबाट कट्टा गर्ने गरी दुवै सेवा उपलब्ध गराउन नेपाल टेलिकम समक्ष Corporate CRBT को लागि लिखित अनुरोध गर्नु पर्नेछ।

Corporate CRBT सेवाको लागि संस्थाहरुले कम्तिमा २५ कर्मचारीको नाम सहित मोबाइल नम्बर राखी लिखित अनुरोध गर्नुपर्नेछ। सो भन्दा कम संख्या भएको संस्थाहरुले समेत यो सेवा लिन चाहेमा सेवा उपलब्ध गराइनेछ। कम्तिमा २५ जना कर्मचारी बराबरको Activation शुल्क संस्था आफैले व्यहोर्न तयार भएमा सेवा उपलब्ध गराइनेछ। साथै २५ जनाको लागि अपुग भए जति संख्या बराबरको subscription र Tone बापतको मासिक शुल्क संस्थाले नै व्यहोर्न तयार भएमा सेवा उपलब्ध गराइनेछ। साथै कर्मचारीले संस्था छोडेर गए संस्थाले नै पछि व्यहोर्नु पर्नेछ।

संस्थाहरुले Corporate CRBT सेवा लिन कर्मचारीको नाम, मोबाइल नम्बर, बज्नु पर्ने Caller Ring Back Tone तथा Charging Mode Define गरी लिखित अनुरोध गर्नु पर्नेछ। संस्थाले आवश्यक सम्पूर्ण शुल्क नेपाल टेलिकमले तोकेको बैंक (नेपाल इन्भेस्टमेन्ट बैंक, दरबारमार्ग, A/C No : ००१०१०१००६८२९१ मा जम्मा गर्नु पर्नेछ। अन्तिममा कम्पनीले सम्बन्धित संस्थालाई सेवा उपलब्ध गराएको जानकारी संस्थाले उपलब्ध गराएको इमेल मार्फत दिनेछ।

कुनै कर्मचारीका लागि Corporate CRBT सेवा उपलब्ध गराइएको सम्बन्धमा कतैबाट गुनासो आएमा सम्बन्धित संस्था नै जिम्मेवार हुनेछ। subscription र Tone बापतको मासिक शुल्कमा टेलिकम सर्भिस चार्ज (TSC) र भ्याट (VAT) दुवै लाग्नेछ भने Activation शुल्कमा भ्याट (VAT) मात्र लाग्नेछ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal